# माडी नगरपालिकाको

## पाचौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष ०७७/०७८ को नीति तथा कार्यक्रम

मिति : २०७७ असार १० गते

## माडी नगरपालिकाको

## पाचौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष ०७७/०७८ को नीति तथा कार्यक्रम

नगरसभा सदस्यज्यूहरु,

नगरपालिकाका सम्पुर्ण कर्मचारी,

सर्वप्रथम यस नगरसभाको महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात प्रातःस्मरणीय शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्नु हुने राजनीतिक शिखर व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु । यस माडी क्षेत्रको समग्र विकासका लागि  अतुलनिय योगदान पुऱ्याउनु हुने समग्र अग्रजहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कोरना भाइरस (कोभिड १९) महामारीका कारण विश्वकै मानव जातिमाथि उत्पन्न भएको ठूलो संकटमा महामारी विरुद्ध लडन मौजुदा स्वास्थ्य सेवाहरु र सुविधाहरु अप्रर्याप्त देखिएका छन । यस महामारीबाट लाखौं मानिसको ज्यान गईसकेको छ, लाखौं संक्रमित छन । यस महामारीबाट संक्रमित भई नेपाल र विदेशी मुलकमा ज्यान गुमाउनु हुने नेपाली तथा अन्य मित्र राष्ट्रका नागरिकहरुका शोकाकुल परिवार जनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । उपचाररत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

जोखिमपूर्ण परिस्थितिमा अग्रपंतिमा रहेर सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालकहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको उच्च प्रसंशा गर्दछौं अत्यावश्यक वस्तुको आपुर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ संस्थालाई धन्यवाद दिन चाहन्छौं । कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछौ ।

महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनेहुने संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, राजनितिक दल, निजी तथा व्यावसायिक क्षेत्र, सञ्चारजगत र कोरोना रोकथाम, नियन्त्रण र उपचारको लागि सहयोग उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहन्छौ ।

कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि शुरु देखिनै अतिरिक्त स्रोत परिचालनका लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी, नीजि र अन्य क्षेत्रबाट प्राप्त हुने रकम जम्मा हुने र खर्च गर्ने व्यवस्था मिलाइएको छ । बन्दाबन्दीका अवस्थामा औषधी, खाद्यवस्तु लगायत उत्पादमुलक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिएको छ । बन्दाबन्दीबाट प्रभावित गरीब, असाहय तथा विपन्न परिवार दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड १९ ले निम्त्याएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहत उपलब्ध गराईएको छ ।

**सभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र,समानुपातिक समावेशी कार्यप्रणाली, सामाजिक न्याय जस्ता संवैधानिक प्रावधानका फलस्वरुप स्थानीय तहको निर्वाचन पश्चात पाचौं नगर सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु, स्थानीय तहको निर्वाचन २०७४ पश्चात हामी जन प्रतिनिधीहरु यस नगरपालिकामा निर्वाचित भै नगरवासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै यस माडीलाई सुन्दर, स्वच्छ र समृद्ध नगर बनाउने अभियानका साथ "समुन्नत माडी नगरपालिका, समृद्ध नगरवासी" को नारा लिई सोही अनुरुपको नगर बनाउने दिर्घकालिन उद्देश्य राखी आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अगाडी वढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्ध छौं, रहि रहन समेत अपिल गर्दछु ।

**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अवलम्वन गर्नु पर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरेको छु । योजना तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित), स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई पूर्णतः अवलम्बन गर्दै यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । नीति तथा कार्यक्रम निर्माणका लागि चालु त्रिवर्षीय योजना, वडासमितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, बिषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्वन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वहरुबाट प्राप्त सुझाव एवं वडास्तरबाट छनौट भै प्राथमिकिकरणको आधारमा नगरकार्यपालिकाको बैठक मार्फत सिफारिस भै आएका योजनाहरुलाई नगरसभामा पेश गरेको छु ।

राजस्वका दरहरुमा नगरस्तरीय राजस्व परामर्श समितिको प्रतिवेदनको आधारमा नगरकार्यपालिकाको बैठकबाट सिफारिस भै आएका दरहरुलाई यस नगरसभामा पेश गरिएको छ । जस अनुसार कर, शुल्क तथा दस्तुरमा यथावत गरि करको दायरा फराकिलो गरिएको छ ।

हाम्रो माडी नगरपालिका करिव ३८ कि.मि दुरीमा चितवन जिल्लाको सदरमुकाम भरतपुर देखि टाढा वरिपरी निकुञ्ज र वनजंगलले घेरिएको एउटा सुन्दर हरियाली भएको सानो उपत्यकाको रुपमा अवस्थित सोमेश्वर,गोद्दक,वैकुण्ठधाम,परशुराम कुण्ड जस्ता रमणीय स्थल रहेका छन । विकासको तिव्र गतिमा अगाडी बढीरहेको सुन्दर नगरी माडी उपत्यकाको यस पाचौं नगर सभा समक्ष नगर कार्यपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफैलाई गौरवान्वित महसुस गरेको छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्ने सिलसिलामा सबै वडाका वडा अध्यक्षज्यूहरुको नेतृत्वमा समुदाय, टोल तथा बस्तीस्तरमा छलफल अन्तरक्रिया ,वडा भेला गरेर नगरवासिहरुको संलग्नता र सहभागिता मार्फत बनेको आगामी आ.व.को कार्यक्रम भएको हुँदा निश्चय पनि नगरवासीको आवस्यकतालाई सम्वोधन गरेको छ ,भन्नेमा हामी विश्वस्त छौ । कतिपय अपुगता बिच हामीले नगरपालिकामा केही सकारात्मक कामहरु गर्‍यौं । यसका बावजुद आज हामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौ ।

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा सम्पूर्ण नगरवासीको समृद्धि उन्नतीलाई केन्द्रविन्दुमा राखिएको छ । यहाँका नागरिकहरु यस नगरपालिकाको विकासका लागि उत्प्रेरकका रुपमा रहेका छन् र यस नगरको आर्थिक विकास उच्च महत्वाकांक्षाका साथ अघि वढी रहेको छ ।

आजको दिन यस नगरपालिकाको लागि विशेष महत्वपुर्ण दिन हो ।यस नगरपालिकामा नगर क्षेत्रमा बालउद्यान, व्यवस्थित वधशाला, सार्वजनिक पुस्तकालय, खुलापार्क, जस्ता सार्वजनिक सम्पत्तीहरु र संरचनाहरु बन्न सकिरहेको छैन । साथै नगरपालिका राष्ट्रिय निकुञ्जसंग जोडिएकोले जंगली जनावर र मानव वीचको द्धन्द न्युनिकरण प्रभावकारी बन्न सकिरहेको छैन । यसलाइ प्रभावकारी बनाउन पर्ने कुरा आम नगरवासीले महशुस गरेको छौ । बाँदरभुलामा व्यवस्थित बस्ती विकासका लागि आवश्यक पहल गर िनेछ । थारु समुदायसँग कला, संस्कृति तथा संस्कारलाई संरक्षण र सम्बर्धनका लागि विशेष व्यवस्था गरीने छ । द्वन्द्वकालीन अवस्थामा भएको दुखद बाँदरमुढे घटनामा घाइते, अपांग हुनुभएका तथा मृतक परिवारहरुलाई आयआर्जनका लागि नगरपालिकाबाट विशेष आर्थिक व्यवस्था गर्नुका साथै बाँदरमुढे पार्क निर्माणका लागि आवस्यक पहल गरीने छ ।

**सदस्यज्यूहरु,**

अव म चालु आ.व.२०७६।०७७ मा भएका महत्वपुर्ण कार्यलाई पेश पर्न चाहन्छु ।

यस आवमा ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र सोमेश्वोर गढी जाने सडक स्तरोन्नति गरिएको, सडकको दुवै तर्फ पक्कि नाला निर्माण गर्रिएको छ, समान्तकृत भूमिहीन चेपांग जाती र विपन्न दलित समुदायको सुरक्षित आवास व्यबस्थापनका लागि ८० वटा घर निर्माण गरिएको छ, माडी-८ कान्तिपुरमा सामुहिक खेतिमा आवद्ध कृषकको परिवार लाई जीविकोपार्जन सुधारका लागि कृषि होमस्टे निर्माण गर्ने उद्देश्यले ५० वटा घर निर्माण गरिएको छ, नगरका विभिन्न स्थानमा पर्यटन प्रवद्धन गर्न १५ वटा होमस्टे निर्माण कार्य सम्पन्न गरिएको छ, नगर क्षेत्रको फोहर मैला व्यवस्थापनका लागि विभिन्न स्थानमा स्यानिटरी पार्क तथा ल्याण्डफिल साईड निर्माणाधीन अवस्थामा रहेको र आगामी आ.व. वाट संचालनमा ल्याईने छ, करिव ३० किमी कच्ची सडकमा स्तरीय ग्रावेल गरिएको छ, खानेपानी तथा सिंचाई व्यबस्थापनका लागि १० वटा डीप वोरिंग निर्माण कार्य सम्पन्न गरिएको छ, नगर क्षेत्रका ११ वटा विद्यालयको भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न गरिएको छ, विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड -१९ को व्यवस्थापनका स्वेदश तथा विदेशवाट आएका ३४९ जनालाई १२ स्थानमा

क्वारेन्टाईनको निर्माण गरि राखिएको,साथै  २ वटा सघन उपचार कक्ष सहित ३० शैया क्षमताको आसुलेसन कक्ष निर्माण गरि कोभिड-१९ पोजेटिभ देखिएका ११ जना उपचारको क्रममा रहेका छन

नगर सभाका सदस्य ज्यूहरु,

सम्पुर्ण उपस्थित महानुभावहरु

अव म आ. व २०७७/२०७८ को लागि नगरपालिकाले लिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- ❖ नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- ❖ संघीय सरकारले अङ्गिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु एवं पन्ध्रौं योजनाको आधार-पत्र (आ.व. २०७६/०७७-२०८०/०८१),
- ❖ संघीय सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु, प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- ❖ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- ❖ स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),
- ❖ संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- ❖ सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- ❖ राजस्व परामर्श समितिको प्रतिवेदन सिफारिस,
- ❖ श्रोत तथा बजेट सिमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- ❖ बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- ❖ नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- ❖ विगत बर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- ❖ नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- ❖ विभिन्न बिषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- ❖ विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,

**०७७/०७८ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु**

**" सम्पदा सम्पन्न माडी नगर, इको कृषि र पर्यटनको शहर "** भन्ने दीर्घकालिन सोचका साथ अघि बढी रहेको यस नगरको लक्ष्य कृषि र पर्यटन विकास गर्दै नगरवासीको जीवनस्तर वृद्धि गर्ने र नागरिकलाई प्रभावकारी सेवा प्रवाह, आर्थिक सम्पन्नता र स्थानिय  सुशासनको सुदृढिकरण गर्ने उद्देश्यका साथ समृद्ध र समुन्नत माडी नगरको रुपमा विकास गर्ने अभियानमा हामी जुटिरहेका छौ ।

**क) प्राथमिकता क्षेत्र :**

**१) आर्थिक विकास** :कृषि ,पर्यटन ,उद्योग तथा वाणिज्य ,सहकारी वित्तिय क्षेत्र ।

**२) सामाजिक विकास :**शिक्षा ,स्वास्थ्य ,खानीपानी तथा सरसफाई संस्कृति प्रवर्धन,लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालबालिका ,जेष्ठ नागरिक ,अपाङता भएका व्यक्ति,दलित आदिवासी ,जनजाती ,मधेशी ,मुस्लिम, पिछडा वर्ग आदीको प्रवर्धन )

**३) पुर्वाधार विकास :**सडक तथा पुल सिंचाइ ,शहरी विकास,उर्जा ,लघु तथा साना जलविद्युत ,सञ्चार क्षेत्र समावेश गर्ने ।

**४) वन,वातावरण तथा विपद् व्यवस्थापन :**वन तथा भू-संरक्षण ,जलाधार ,जलवायु परिवर्तन,फोहोरमैला व्यवस्थापन ,जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन ।

**५) सुशासन तथा संस्थागत विकास :**मानव संसाधन विकास,संस्थागत क्षमता विकास ,राजस्व परिचालन ,वित्तिय व्यवस्थापन ,वित्तिय जोखिम न्यूनिकरण ,सार्वजनिक सुनुवाई सामाजिक परीक्षण ,आन्तरिक र अन्तिम लेखापरीक्षण ,बेरुजु फछ्यौट ,सेवा प्रवाहका मापदण्ड निर्धारण ,सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग ,नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय ।

**(क) आर्थिक विकास :**

**कृषि तर्फ**

१) आ.ब. २०७७/७८ लाई सिंचाई बर्षको रुपमा मनाईनेछ । भुमिगत सिंचाइमा बिशेष प्राथमिकता दिँदै “पूर्ण सिंचीत माडी”को लक्ष्य राखिएको छ । सिंचाईका लागि नहर, कुलो तथा पाइपलाईनहरुको निर्माण तथा मर्मत सम्भारका लागि बजेटको ब्यबस्था गरिनेछ ।

२) कृषि पेशालाई सम्मानित, प्रतिस्पर्धी र व्यबसायीक बनाइने छ । कृषि क्षेत्रलाई ब्यबसायीकरण गर्न सहुलियत/शुन्य ब्याजदरमा सहज ऋणको ब्यबस्था गरिनेछ । युवालक्षित कृषि कार्यक्रमलाई जोड दिइनेछ । बैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।

३) कृषि बजारीकरणलाई ब्यबस्थित गर्न मुख्य अन्न तथा तरकारी बालीको न्युनतम सहायता मुल्य निर्धारण गरिनेछ । नियमित हाटबजार संचालन तथा तरकारी संकलन केन्द्र निर्माणका लागि बजेटको ब्यबस्था गरिनेछ ।

४) कृषि लागतलाई न्युनिकरण गर्दै लगिनेछ । उन्नत जातको विउमा अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि यन्त्रउपकरणको खनजोत, कटानी, थ्रेसिङ मुल्य समय सापेक्ष तथा बैज्ञानिक ढंगले निर्धारण गर्दै सस्तो बनाउँदै लगिनेछ ।

५) हानिकारक रासायनिक बिषादीको प्रयोगलाई निरुत्साहित गरी अर्गानिक खेती पद्धतिलाई जोड दिइनेछ । यसका लागि अर्गानिक खेती गर्ने कृषक, कृषि समूह तथा सहकारीलाई जैविक उपचार विधि, जैविक

मल निर्माण तथा जैविक खेती प्रणालीका लागि अनुदान सहयोग, तालिम तथा प्राविधिक सहयोगको ब्यबस्था गरिनेछ ।

६) कृषि क्षेत्रमा आधुनिकीकरण र यान्त्रिकिकरणलाई थप प्रोत्साहान दिइनेछ । उन्नत जातको धानको बीउ उत्पादनमा बिशेष प्रोत्साहन गरिनेछ । आधुनिक कृषि औजारहरुमा अनुदानको ब्यबस्था गरिनेछ । मल्चीङ र थोपा सिंचाईमा प्रोत्साहान गरिनेछ ।

७) कृषि सहकारीहरुलाई एकिकरण गर्दै “एक वडा एक कृषि सहकारी”को रुपमा अगाडी बढाइनेछ ।

८) सबै कृषकहरुलाई समूहमा आबद्ध हुन प्रेरित गरिनेछ । सामुहिक एकता र उत्पादनको भावनालाई मजबुत बनाउन समुहिक रुपमा खेती गर्ने कृषकहरुको जग्गा चक्लाबन्दी गर्न बजेटको ब्यबस्था गरिनेछ । समूहको दर्ता तथा नविकरण प्रकृयालाई थप सहज र व्यबस्थित बनाईनेछ ।

९) लागत सहभागितामा ब्यबसायीक कागती खेती प्रबर्द्धन कार्यक्रम बृहत रुपमा संचालन गरिने छ । व्यबसायीक रुपमा आँप, लिची, अम्बा जस्ता फलफुलका ठूला बगैंचाहरु निमार्ण तथा बृक्षारोपण गर्न बजेट बिनियोजन गरिनेछ ।

१०) राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बालीबस्तुको साना ब्यबसायीक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम संचालन गरिनेछ ।

११)कृषि सम्बन्धि कार्यक्रमहरुलाई प्रविधिसंग जोडेर अगाडी बढाईनेछ । कृषक पाठशाला संचालन गर्न बजेटको विनियोजन गरिनेछ ।

१२) कृषि क्षेत्रमा अनुसन्धान र प्रसारलाइ जोड्दै माडी क्षेत्रलाई खुल्ला अनुसन्धान केन्द्रको रुपमा बिकास गर्न कृषि बिश्वबिद्यालयहरुसंग समन्वय गरिनेछ ।

१३) माटोको परिक्षणका लागी नगर मै माटो परिक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

१४) शितभण्डार तथा खाद्य गोदाम घर निर्माण गरिनेछ ।

१५) खाद्य सुरक्षालाइ टेवा पुऱ्याउन करेसावारी प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१६)कृषि तथा पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७)सार्वजनिक निजी साझेदारीमा कृषि उद्योग संचालनका लागि बजेटको ब्यबस्था गरिनेछ ।

१८) कृषकहरुको बर्गिकरण तथा कृषि सम्बन्धि तथ्याङकलाई अध्यावधिक गरिनेछ ।

१९) उत्पादन बृद्धिका लागि उन्नत प्रविधि सम्बन्धि तालिमहरु संचालन गरिनेछ ।

२०) ब्यबसायीक जडीबुटी खेतीका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२१)बेमौसमी तरकारी तथा च्याउ खेती कार्यक्रमलाई जोड दिइनेछ ।

२२) व्यवसायिक खेतीलाई समुदायस्तरमा प्रबर्द्धन गर्न कृषि नमुना गाउँहरु घोषणा गरी कार्यक्रम संचालन गर्न बजेटको ब्यबस्था गरिनेछ ।

२३)आर्गनिक खेति पद्धतिको प्रचार प्रसारको लागि आवश्यक सहयोग पुऱ्याइने छ ।

२४) जडिवुटिको व्यवसायिक खेतिको विकास र विस्तारको लागि कृषक समुह, जडीवुटी सहकारी संस्थालाइ आवस्यक सहयोग गरिने छ । जडीबुटी खेतीको निजी क्षेत्रलाई प्रोत्साहन गरी प्रसोधन यन्त्रको स्थापना गरिनेछ ।

२५) कृषिमा चक्लाबन्दीमा आधारित सामुहिक  खेती र सामुहिक उत्पादनलाई बढवा दिदै कृषिमा आधुनिकीकरण र यान्त्रिकिकरण गर्न उपयुक्त सहयोग गर्ने र व्यवसायिक पशुपालन ,फलफुल खेति,

माछापालन ,कुखुरा पालन लाईं जोड दिइनुका साथै आर्थिक सहयोग समेत उपलब्ध गराउदै बजारीकरणको लागि सहजीकरण गर्ने नीति लिइनेछ ।

२६) रिउ नदिले वगर वनाएको क्षेत्रमा तटवन्धन कार्य गरि घाँस खेतिको लागि नीजि क्षेत्रसँग गरिएको सहकार्यलाई प्रभावकारी बनाउदै उपयुक्त स्थानको पहिचान गरी व्यवसायिक माछापालनलाई प्राथमिकता दिइने नीतिका साथ अघि बढाइनेछ ।

२७) विभिन्न संघ संस्था सगँ सहकार्य गरी पशु तथा कृषि बिमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८) सामुहिक तथा व्यवसायिक कृषि प्रणालीलाई प्रोत्साहन गर्दै आधुनिकीकरण उन्मुख किसानहरुलाई सहुलियतपूर्ण ऋणको नीतिलाई निरन्तरता दिइनेछ ।

२९) राष्ट्रिय निकुञ्ज र जंगली जनावरबाट पिडित व्यक्ति तथा परिवारहरुलाई अथक पहल गर्दा पनि राज्यबाट उचित सम्बोधन हुन नसकेको अवस्था विद्यमान भएकोले नगरपालिकाले उचित सम्बोधन गर्ने व्यवस्था मिलाईनेछ ।

३०) बाँदरझुला क्षेत्रलाई लक्षित गरी पशु चिकित्सा सेवा संचालनलाई जोड दिइनेछ ।

३१) कृषी जग्गा खण्डीकरण गरी प्लटीङ गर्ने कार्यलाई पूर्णतया निरुत्साहित गर्दै भुमिगत सिंचाईका लागी विशेष पहल गरिनेछ । अनधिकृत रुपमा जग्गा Plotting गरी खण्डीकरण गर्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिने छ । यसलाई प्रचलित कानून बमोजिम गर्न/गराउन व्यवस्था मिलाइने छ ।

**ख) पशुपक्षीं तथा मत्य क्षेत्र विकास**

रोजगारी र आयश्रोतको मुख्य धरोहरको रुपमा रहेको पशुपालन ब्याबसायलाई तपशिल अनुसार बर्गीकरण गरी कार्यक्रम संचालन गरीनेछ ।

३२) पशुपालनको माध्यमबाट अति बिपन्न बर्गको जिबन पद्धति सुधारका आवश्यक सेवा टेवा कार्यक्रम संचालन गरीनेछ ।

३३) निर्वाहमुखी पशुपालन पद्धतिलाइ स्तरोन्नती गरी अर्थोपार्जन तर्फ लगीनेछ ।

३४) पशुपक्षी तथा मत्य ब्याबसाय गर्ने किसाानहरुको उत्पादन र उत्पादकत्व बढाउन र सोही पेशामा टीकाइरहने रणनीती लीइनेछ ।

३५) नगरपालिकालाई स्वच्छ र स्वस्थ दुध, मासु र अण्डामा आत्मनर्भर गराउनका लागि कृत्रिम गर्भाधानद्धारा नश्ल सुधार , उन्नत घाँस विकास , स्वास्थ सेवा र बजारिकरण सेवा विस्तार गरिनेछ।

३६) घासँमा आधारीत पशुपालनमा जोड दिइनेछ।नगरलाई हराभरा बनाउन ऐलानि जग्गामा सामुदायद्धारा सदावाहार डालेघाँस र उन्नत घाँसेखेति गराई पालिएका जनावारका लागि पशु आहाराको प्रबर्धन गरि उत्पादन लागत कम गर्ने रणनिति लिइनेछ ।

३७) नगरपालिकामा छाडा रुपमा रहेका सडक तथा सामुदायीक कुकुरको प्रजनन रोक्न भाले कुकुरको बन्ध्याकरण गरिनेछ ।छाडा पशुचौपायाहरु ब्याबस्थापन गरीनेछ ।

३८) बिदेशबाट फर्कीएका तथा बिदेशीने युवायुवतीलाई पशुपन्छी पालन पेशामा संलग्न हुन हौसला प्रदान गरि शैक्षीक बेरोजगारी समस्यालाई न्युनिकरण गरिनेछ ।

३९) स्थानिय जैविक विविधता संरक्षण तथा सम्बर्धन कार्यक्रमहरु गरिनेछ ।

४०)पशुपक्षी शाखालाइ प्रयोगशाला तथा शल्यक्रीया क्षमता बृद्धी गरी नगर भेटेरीनरी अस्पतालको रुपमा बिकाश गरी मानव र पशु स्वास्थ सुरक्षीत गर्न एक स्वास्थ निती लीइनेछ सेवा प्रवाह सहज बनाउन थपसेवा केन्द्रहरु संचालन गरीनेछ ।

४१) पशुसेवा प्रसार सेवामा जोड दिइ कृषक तथा आम जनता समक्ष प्रभावकारी सेवा प्रदान गरीनेछ ।

४२) सघीय सरकारले तोकेका कृषि विकासका पाचँ नितिगत आधार उत्पादन सामाग्रीमा अनुदान, सस्तो र सुलभ कृषि ऋण, सबै किसानलाइ प्राबिधिक सेवाको,पहुचँ कृषि तथा पशु बिमा र न्यूनतम समर्थन मुल्य ग्यारेन्टीको कार्वान्वयनमा सहयोग गरीनेछ ।

## ग) पर्यटन तर्फ

४३) आन्तरिक पर्यटनका लागि मनोरञ्जन पार्कको निर्माण, ज्ञान पार्क, रिसोर्ट आदिको व्यवस्थापन गरिने छ ।

४४) विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिने छ ।

४५) पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ ।

४६) यस नगरपालिका भित्रका जातिगत पर्व, बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षणको लागि संग्राहलयको निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

४७) पर्यटनमा सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरी ईन्टरनेटको माध्यमबाट सूचना प्राप्त हुने व्यवस्था मिलाईने छ ।

४८)पर्यटकीय सूचना केन्द्रको स्थापना गरिने छ ।

४९)बाह्य पर्यटक माडीमा प्रवेश गर्न सहज बातावरण बनाउनको लागि चितवन राष्ट्रिय निकुञ्ज सगँ समन्वय गरी प्रवेश शुल्क र वसाईमा सहज र सस्तो वनाउन पहल गरिने छ ।

५०) माडी क्षेत्रमा पर्यटन लक्षित होटल, रिसोर्ट, मोटेल, होमस्टे जस्ता व्यवसाय सञ्चालन गर्नेलाई निश्चित अवधिको लागि कर छुट दिइने नीति लिईएको छ ।

५१)माछा पोखरी क्षेत्रलाई व्यवस्थित गरी त्यसबाट पर्यटन प्रबर्द्धन गर्न माछा पार्क निर्माण गर्न पहल गरिनेछ ।

५२) ऐतिहासीक धार्मिक पर्यटकिय स्थल बाल्मिकी क्षेत्र विकासका लागि विशेष पहल गरीनेछ ।

५३)निश्चित अवधिसम्मका लागि कर छुट दिने या अन्य औजारहरुको प्रयोग गरी माडी नगरपालिका क्षेत्र भित्र ठूला तथा सामुहिक रिसोर्टहरु र इको रिसोर्टहरु निर्माण तथा संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरीनेछ ।

## घ) उद्योग बाणिज्य,सहकारी तथा वित्तिय क्षेत्र

५४) यस माडी नगरपालिकामा कृषि तथा पर्यटन उद्योग स्थापनामा प्रोत्साहन गरिने छ ।

५५) उद्यमशिलता तथा सीप विकास तालीमको माध्यमबाट महिला उद्यमशिलताको विकास गरी उद्योग खोल्नमा प्रोत्साहन गरिने छ ।

५६) लघु उद्यमीहरुलाई विशेष प्रोत्साहन गरिनेछ।

५७) यस नगरपालिका क्षेत्र भित्र उत्पादित बस्तुहरुलाई सहज निकासीको व्यवस्था गरिने छ।

५८) बैदेशीक रोजगार वर्तमान अवस्थामा युवाहरुको बाध्यात्मक रोजाई रहेकाले बैदेशीक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धिमुलक र ब्यवस्थित बनाउन सुरक्षीत अप्रवासन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

५९) घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति लिईने छ। कानून बमोजिम घरेलु तथा साना उद्योगहरुको नियमानुसार दर्ता र नविकरणको व्यवस्था मिलाइने छ।

६०) सहकारी संस्थाहरु मार्फत उद्योग वाणिज्य संघको सहकार्यमा सुपथ मुल्य पसल खोल्नमा सहजीकरण गरिने छ। त्यस्ता पसलहरुलाई आवश्यक सहयोग गरिनेछ।

६१) समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई एकिकरण गरी परिचालन गर्न उपयुक्त नीति तथा मापदण्ड तय गरी कार्यान्वयन गरीनेछ।

६२) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धी गर्न जोड दिइनेछ।

६३) सहकारी क्षेत्रलाई प्रर्वद्धन र विकास गरी सहकारीको मूल्य मान्यता र सिद्धान्तमा आधारित सहकारी संस्थाहरुको स्थापना मार्फत विभिन्न समुदायमा रहेको पूंजी र सीप, परम्परागत ज्ञानलाई समेत उपयोगमा ल्याई आर्थिक विकासमा टेवा पुऱ्याउने नीति लिईने छ।

६४) विषयगत सहकारीहरु, कृषि, फलफूल, दुग्ध, तरकारी र उपभोक्ता सहकारीहरुको विकासका लागि नगरपालिकावाट सहुलियतको व्यवस्था मिलाईने छ।

६५) स्वरोजगार सिर्जना गर्ने, श्रमिकहरुले संचालन गरेका सहकारी र विपन्न समुदायका व्यक्ति तथा महिलाहरुको आयमुलक कियाकलाप संचालन गर्ने सहकारी संस्थालाई मागको आधारमा वीउ पूँजी उपलब्ध गराउनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

६६) नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई आगामी आ.व.को शुरु देखि नै सहकारी तथा गरिबी निवारण सूचना प्रणालीमा आवद्ध हुने नीति लिइने छ।

६७) उत्पादनसँग जोडिएका सहकारीका सदस्यहरुका लागि व्यवसाय अभिवृद्धि तालिम प्रदान गरी व्यवसाय अभिबृद्धि गर्न प्रोत्साहन गरिने छ।

६८) सहकारी संस्थाको व्यवसायिक कारोबारलाई पारदर्शी बनाउन आवश्यक पहल गरिनेछ।

६९) सहकारी संस्थाहरुको नियमन गर्न आवश्यक मापदण्ड र कार्यविधि बनाई प्रभावकारी ढंगबाट अगाडी बढाईने छ।

७०) नयाँ सहकारी दर्ता भन्दा निष्कृय सहकारी संस्थालाइ सकिय गराउन र पुनर्गठनमा जोड दिइने छ।

७१) सबै सहकारी संस्थाहरुको तथ्याङ्क संकलन गरी सहकारी योगदानको बिश्लेषण गरिने छ।

७२) बिभिन्न निकायबाट गठन भएका कृषक, कालिगढ, महिला तथा आमा समुहहरुलाई वित्तीय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखिकरण गरी सहकारीमा आवद्ध हुने विगतको कार्यक्रमलाई निरन्तरता दिइने छ।

## (ङ) सामाजीक विकास तर्फ :

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

७३) महिला बालवालिका अपांग, दलित ,आदिवासी ,जनजाति, मुस्लिम ,पिछडा वर्ग ,मधेशी,द्वन्द्व पिडित,दिर्घरोघी लगायत सवै वर्गका सामाजिक र आर्थिक रुपले विपन्न तथा कमजोर समुदायका लागि जिविकोपार्जनमा सुधार ल्याउन स्वरोजगार मुलक कार्यक्रम सञ्चालन गरिने छ ।

७४) दलित समुदायको घनावस्ती भएका गाउँमा आय आर्जनका विशेष कार्यक्रम संचालन गरिनेछ ।

७५) लोप उन्मुख बोटे र दराई जातीका लागी स्वरोजगारको कार्यक्रम संचालन गरिनेछ ।

७६) दुरा, गन्धर्व जातीको प्रोत्साहन तथा उनीहरुको संस्कृती प्रवर्द्धनका लागी विशेष कार्यक्रम ल्याइनेछ ।

७७) शिक्षा र स्वास्थ्य सबै बालबालिकाको पहुँच पुग्ने गरी कार्यक्रम ल्याइनेछ ।

७८) अपाङ्ग र निजसँग आश्रीत परिवारलाई स्वास्थ्य उपचार विशेष जोड दिइनेछ ।

७९) ७० बर्ष पुगेका ज्येष्ठ नागरिकलाई बघौडा अस्पतालमा हुने सबै उपचारहरु निशुल्क गरिनेछ ।

८०) आदिवासी जनजातीका लागि कला संस्कृति संरक्षणमा सहयोग पुऱ्याइने छ ।

८१) बाँदरभ्ुला र कुसुमखोलामा बसोबास गर्ने सुकुम्बासी तथा अव्यवस्थित वस्तीलाई बाँदरभ्ुलामा व्यवस्थित बसोबासका लागी पहल गरिनेछ र माडीका अन्यक्षेत्रमा बसोबास गर्दै आएका अव्यवस्थित वस्तीलाई पनि व्यवस्थित स्थानमा बसोबास गराईनेछ ।

८२) बालमैत्री स्थानीय शासन सञ्चालन सम्वन्धी कार्यक्रमहरु अगाडि वढाइने छ ।

८३) सार्वजनिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री तथा बालमैत्री संरचना निर्माण गर्नु पर्ने नीति लागु गरिने छ ।

८४) महिलाको क्षमता अभिवृद्धिकालागि स्वरोजगार कोष तथा लैङ्गिक हिंसा पिडित कोष मार्फत उद्दार, राहत, पुर्नस्थापना र आयआर्जनका लागि बिभिन्न कार्यक्रम संचालन गरिने छ ।

८५) समाज विकासको मुख्य आधारशिला महिला हुन् भन्ने मुल नाराका साथ लघु उद्यमशिल महिलाहरुलाई आवश्यक आर्थिक सहयोग गर्नुको साथै अति विपन्न समुदायका लागि सामुहिक उत्पादनमा बिउ पुँजी प्रदान गर्ने नीति लिइनेछ ।

८६) दुई छोरी मात्रै जन्माइ बन्ध्याकरण गर्ने दम्पतीलाई विशेष सम्मान गर्ने र छोरीहरुलाई माडी नगर भित्र प्लस टु सम्म निशुल्क अध्ययन गर्ने व्यवस्था मिलाईनेछ ।

८७) अति विपन्न, गरीब, पिछडिएका, लोपोन्मुख, सिमान्तकृत एवं आदिवासी जनजातीलाई लक्षित गरी जनता आवास कार्यक्रम संचालन गरीनेछ ।

८८) नगर क्षेत्रभित्र लामो समय देखि वसोवास गर्दै आई रहेका र मोहीको रुपमा काम गरिरहेका तर मोहिको हक प्राप्त गर्न नसकेका व्यक्तिहरुको समस्या समाधान गर्न पहल गरिने छ ।

८९) "वालवालिका, किशोर किशोरीसँग उपमेयर" कार्यक्रम सञ्चालन गरि नगर क्षेत्र भित्रका वालवालिका तथा किशोर किशारीहरुको क्षमता अभिबृद्धि गर्नु साथै लागु औषध, वालविवाह, छुवाछुत जस्ता सामाजित विकृति तथा कुरीतिको विरुद्धमा सचेना र जागरण अभियान संचालन गरिनेछ ।

९०) नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने गैह्र सरकारी (NGO) र अन्तराष्ट्रिय गैह्र सरकारी ( INGO) संस्थाहरुसँग समन्वय गरि नगरसभामा आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश

गर्न लगाई, संस्था सूचिकृत गर्ने र गै.स.स. द्धारा वार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

९१) **"युवा स्वरोजगार माडीमा कोही जादैनन् खाडीमा "**कार्यक्रम सञ्चालन गरि विदेशबाट फर्केका युवाहरुको सीप प्रमाणीकरण गरी त्यस्ता युवाहरुलाई सम्बन्धित क्षेत्रमा व्यवसाय सञ्चालन गर्न तथा अन्य स्वरोजगार मुलक व्यवसाय संचालन गर्न सुलभ व्याजदरमा कर्जाको व्यवस्था गरिनेछ ।

९२) गैह्रसरकारी (NGO) र अन्तराष्ट्रिय गैह्र सरकारी (INGO) संस्थाहरुसँग समन्वय गरि विभिन्न लक्षित वर्गहरुको क्षमता अभिबृद्धिका लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९३) यस माडी न.पा.लाई खरको छ्यानामुक्त वनाउनको लागि यसै आ.व.भित्रमा सवै खरको छाना भएका घरहरुलाई जस्तापातामा रुपान्तरण गरिनेछ र उक्त कार्यकालागि जस्तापाता अनुदानको व्यवस्था मिलाईने छ ।

९४) माडी नगरपालिकाको नगर प्रोफायल तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

९५) देशमा विद्यमान बेरोजगारीको दर कम गर्नको लागी यस नगरपालिकाका बेरोजगार ब्यक्तिहरुलाई रोजगारी प्रदान गर्नको लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ ।

९६) रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार यूवाहरुलाई रोजगारीको लागि रुपान्तरण पहल आयोजना तथा कामको लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालनगरी न्युनतम रोजगारीको प्रत्याभूति गराईनेछ ।

९७) **COVID-19** को कारणबाट रोजगारी गुमाएका, बैदेशिक रोजगारमा जान नपाएका तथा बैदेशिक रोजगारीबाट फर्किन बाध्य भएका ब्यक्तिहरुलाई सूचिकृत गरी प्राथमिकताका साथ रोजगारी प्रदान गरिनेछ ।

९८) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरीक रोजगारीको प्रर्वद्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई तालिम प्रदान गरिनेछ ।

९९) आन्तरीक रोजगारी सृजनागर्न सरोकार वालानिकाय, निजी, सहकारी र गैह्रसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिईनेछ ।

१००) श्रम सम्बन्धलाईृ प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, ब्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सृजनामा जोड दिईनेछ ।

१०१) रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैकको रुपमा स्थापना गरिनेछ ।

१०२) नगरपालिका स्तरीय नियमित विकास निर्माणका योजनामा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

१०३) युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना तथा कामकालागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई थप सशक्त रुपमा सञ्चालन गरिनेछ ।

१०४) संघीय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने भएकाले आयोजनामा लाग्ने निर्माण सामाग्री तथा औजारहरुको लागि नगरपालिकाबाट बजेट विनियोजन गरिनेछ ।

१०५) यस नगरपालिका भित्रबसोवास गर्ने अति विपन्न परिवारको पहिचान गरि न्युनतम आवश्यकताबाट बञ्चितन होउन भन्ने उदेश्यले आन्तरीक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ ।

## च) शैक्षिक विकास तर्फ

१०६) माडी नगरबासीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि नगर शिक्षा योजना बनाई लागु गरिने छ ।

१०७)विद्यालयको भौतिक निर्माणशैक्षिक सामाग्री ,विज्ञान प्रयोगशाला ,खेलकुद जस्ता अत्यावश्यकीय क्षेत्रमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइने छ ।

१०८) आदिवासी,जनजाति,दलित,मुस्लिम ,पिछडिएका वर्ग ,महिला ,पिछडिएका जनजातिका वालवालिकालाई प्रोत्साहित गर्न यस्ता समुदायका उत्कृष्ट विद्यार्थी लाई पुरस्कार एवं प्रशंसाबाट सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१०९)“सवैको लागी शिक्षा, शिक्षा सबैको लागी” भन्ने मुल नारालाई प्रभावकारी बनाउन विशेष कार्यक्रम लागू गरीनेछ ।

११०)सिमान्तकृत परिवारका चेपाङ समुदायका बालबालिकालाई र अभिभावक गुमाएका विपन्न परिवारका बालबालिकालाई आवासिय शिक्षा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१११) शैक्षिक स्तर कमजोर भएका र आधारभूत शिक्षा उतिर्ण विद्यार्थीहरुलाई लक्षित गरी विविध प्राविधिक शिक्षा लिने व्यवस्था मिलाईनेछ ।

११२) माडी नगरपलिका क्षेत्र भित्र व्यवस्थित पुस्तकालय निर्माण तथा व्यवस्थापन गरिने छ ।

११३) स्वास्थ्य, सभ्य, सुसंस्कृत, सक्षम, सकारात्मक चिन्तन युक्त, राष्ट्रहित प्रति समर्पित एवम् उच्च स्वाभिमान भएका उद्यमी नागरिक तयार गर्न माडी बासी सबैका लागि वैज्ञानिक, जीवनोपयोगी, सीप मूलक एवम् रोजगार मूलक, प्रविधिमैत्री, गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु शिक्षाको मूलनीति हुनेछ ।

११४)प्रारम्भिक बालविकास, विद्यालयशिक्षा, अनौपचारिक शिक्षा, दूर तथा खुलाशिक्षा, वैकल्पिकशिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्चशिक्षा सम्बन्धी समग्र पक्षहरुलाई व्यवस्थित गर्दै शिक्षा विकासलाई योजना बद्धढंगले अघि बढाउन नगर शिक्षा ऐन र नगर शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

११५) सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण गर्न विद्यालय तथा शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार निर्माण, शिक्षकको पेसागत दक्षता अभिबृद्धि, शिक्षण सिकाइ प्रक्रियामा सुधार, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, अभिभावक परिचालन लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११६) बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित कम्तीमा दुई बर्षे प्रारम्भिक बालविकास कार्यक्रम सबै विद्यालयमा लागू गरिने छ ।

११७) प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक उपलब्ध गराइनेछ भने क्षमता विकासका लागि तालिम प्रदान गरिनेछ ।

११८)प्रारम्भिक बालविकास केन्द्रमा भौतिक वातावरणमा सुधार तथा आवश्यक सिकाइ एवम् खेल सामग्रीहरु व्यवस्था गरिने छ ।

११९) भौगोलिक अवस्थिति, विद्यार्थी संख्या, जनसंख्याको बनोटका आधारमा विद्यालयहरुको समायोजन एवम् एकीकरण कार्यलाई निरन्तरता दिइनेछ । आवश्यकता अनुसार विद्यालय, विद्यालयको तह र कक्षा समायोजनको नीति लिइने छ । त्यसरी समायोजन भएका विद्यालयहरुलाई विशेष प्रोत्साहन सुविधा उपलब्ध गराइने छ ।

१२०) विद्यालयमा शिक्षक दरबन्दी पुनर्वितरण गरी सबै विद्यालयमा नेपाल सरकारले तोके बमोजिमको न्यूनतम् शिक्षक सुनिश्चित हुने गरी शिक्षक दरबन्दी वा शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराइनेछ । शिक्षकको पेसागत दक्षता अभिबृद्धिका लागि तालिम, सुपरिवेक्षण एवम् प्राविधिक सहयोग, विषयगत नेटवर्क परिचालन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१) शिक्षालाई उत्पादन सँग जोड्न नमूनाको रुपमा माध्यमिक विद्यालय, प्राविधिक शिक्षालय र क्याम्पसमा "सिकाइ सँगै कमाइ" कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२) माध्यमिक विद्यालयहरुलाई विधागत विशिष्टीकरण गरी उच्च गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्कृष्ट सिकाइ केन्द्रका रुपमा विकास गरिनेछ । आगामी आर्थिक बर्ष सम्ममा कम्तीमा तीनवटा विद्यालयलाई नमूना विद्यालयका रुपमा विकास गरिनेछ ।

१२३) नेपालको राष्ट्रियता, राष्ट्रियएकता, स्वाधीनता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता प्रवर्द्धन गर्न विद्यालय शिक्षामा सामाजिक अध्ययन, कला, संस्कृति सम्बन्धी विषयहरु नेपाली वा राष्ट्रभाषामा अध्यापन गर्ने व्यवस्था मिलाइनेछ । आधारभूत तहमा माडीको भूगोल, इतिहास, संस्कृति, आर्थिक सामाजिक विकास, पूर्वाधार लगायतका विषय क्षेत्रहरु समेटिएको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ ।

१२४) शिक्षक तथा शिक्षाकर्मीहरुको कार्यसम्पादनलाई नतिजामा आधारित बनाइनेछ । नगरपालिकाले विद्यालयका प्रधानाध्यापक सँग र प्रधानाध्यापकले शिक्षक सँग नतिजामूलक कार्य सम्पादन सम्झौता गरी सोको चौमासिक मूल्यांकन एवम् समीक्षा गर्ने प्रणाली लागू गरिने छ । उत्कृष्ट विद्यालय तथा शिक्षकलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२५) कोभिड-१९ को महामारी फैलिरहेको सन्दर्भमा विद्यार्थीहरुको शिक्षा सम्बन्धीहकको प्रचलनका लागि खुला, दूर तथा बैकल्पिक शिक्षा प्रणालीको अवलम्बन गरिनेछ । विद्यार्थीहरुको स्वाध्ययनमा जोड दिँदै होम स्कुलिङको व्यवस्था मिलाइनेछ । स्थानीय एफ्.एम्. रेडियोसँगको सहकार्यमा रेडियो पाठशाला कार्यक्रम सञ्चालनगरी विद्यार्थीको सिकाइ निरन्तरताको व्यवस्था मिलाइने छ ।

१२६) सामुदायिक अध्ययन केन्द्रहरुको पुनःसंरचना गरी बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ । गरीब तथा विपन्न विद्यार्थीका लागि सञ्चालित माडी छात्राबासको क्षमता विस्तार गरिनेछ ।

१२७) आर्थिक रुपले विपन्न परिवारका बालबालिकाको अध्ययनलाई सहज बनाउन विद्यार्थी वित्तीय सहायता कार्यक्रम र पोशाक तथा स्टेसनरी सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८) विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न विषयगत विज्ञ तथा शिक्षकलाई सुपरिवेक्षकको रुपमा परिचालन गरी शिक्षकलाई विद्यालयमा आधारित प्राविधिक सहायता उपलब्ध गराइनेछ । बाल केन्द्रित सिक्षण सिकाइ र उपचारात्मक तथा सुधारात्मक शिक्षणका रणनीतिहरु अवलम्ब नगर्न प्रोत्साहित गरिनेछ । निरन्तर मूल्यांकन प्रणाली, आवधिक मूल्यांकन तथा नगरस्तरीय परीक्षा प्रणालीमा समसामयिक सुधार गरिनेछ ।

१२९) माडी नगरपालिका भित्र बसोबास गर्ने अपाङ्गता भएका बालबालिकाहरुलाई आवासीय शिक्षा प्रदान गर्नका लागि माडी नगर विशेष विद्यालय सञ्चालन गरिनेछ ।

**छ) स्वास्थ्य तर्फ**

१३०) माडी नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगर स्वास्थ्य योजना वनाइ लागु गरिने छ जसअनुरुप स्वास्थ्य सेवालाई भरपर्दो र विश्वसनीय वनाउन योजना अनुरुप कार्यक्रम सञ्चालन गरिने छ ।

१३१) कोभिड १९ को व्यापकताले सिर्जना हुन सक्ने परीस्थितिको आंकलन गरी क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङक सम्प्रेषण, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सुरक्षा सामाग्रीको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

१३२) संघीय सरकार तथा प्रादेशिक सरकारसँग समन्वय गरी बघौडा अस्पतालको स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ, माडीको एकमात्र सरकारी बघौडा अस्पताललाई स्तरोन्नती गरी ५० शैयाको बनाईनेछ ।

१३३) यस क्षेत्रमा रहेको वघौडा अस्पताल,आयुर्वेद औषधालय र अन्य स्वास्थ्य चौकी , नगर स्वास्थ्य केन्द्र तथा स्वास्थ्य क्लिनिकहरुको सेवा क्षेत्रमा विकास र विस्तार गरीने छ ।

१३४) नगरबासीलाई स्वास्थ्य राख्नको लागि सरकारी र नीजि अस्पतालहरुको सहयोग एवं सहकार्यमा समय-समयमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

१३५) प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरी मृत्युदर तथा रोग लाग्ने दरमा उल्लेखनीय रुपमा कमी ल्याइनेछ ।

१३६) यस नगरपालिकाका सबै वडामा स्वास्थ्य संस्था स्थापना गरी सेवालाई विस्तार गर्ने कार्यको निरन्तरता दिइने छ ।

१३७) वघौडा अस्पतालको सेवा लाइ स्तरोन्नति गर्न भैतिक पुर्वाधार विकास विशेषज्ञ चिकित्सकको व्यवस्था र औजार उपकरणहरुको भरपर्दो व्यवस्थापनमा जोड दिईने छ ।

१३८) अयोध्यापुरी स्वास्थ्य चौकीलाई स्तरोन्तरी गरी आधारभुत स्वास्थ्य केन्द्रमा लैजानका लागी पूर्वाधार निर्माण गरिने छ ।

१३९) अति सिमान्तकृत चेपाङ जातीलाई संस्थागत सुत्केरीको लागि प्रत्साहन गर्न बघौडा अस्पताल सम्म प्रसुती सेवा लिन आउन जानको लागि **निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराईने छ, पूर्ण संस्थागत सुत्केरी युक्त वडा हुँदै पालिका घोषणा अभियानका लागी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१४०) प्रत्येक स्वास्थ्य संस्थाको लागी भौतिक पुर्वाधार निर्माण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक जग्गा जमिन पहिचानको लागी एक उच्च स्तरीय समिति गठन गरिनेछ । साथै लालपूर्जा सहितको जग्गा हस्तान्तरण गर्ने व्यक्ति तथा संस्थालाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

१४१) पूर्ण खोपयूक्त नगरपालिका सुनिश्चित गराउन आवश्यक कदम चालिनेछ ।

१४२) बघौडा अस्पतालबाट बालरोग तथा प्रसुती रोग विशेषज्ञ सेवा प्रदान गर्ने तथा निदानात्मक सेवा सुधारका लागि पहल गरिनेछ ।

१४३) धुम्रपान, मद्यपान तथा लागुपदार्थ दुर्व्यसनी सम्बन्धि नियममा कडाई तथा सचेतना र निगरानी गर्ने कार्यलाई तदारुकताका साथ अघि बढाईनेछ ।

१४४) माडी आयूर्वेद औषधालयलाई नमुना आयूर्वेद संस्थाको रुपमा पहिचान गराउन विभिन्न कार्यक्रम संचालन तथा औषधालय परिसरको जडीबुटी उद्यानमा औषधि निर्माणका लागि आवश्यक जडीबुटी तथा नमुना जडीबुटी वृक्षारोपण गरीनेछ ।

१४५) आयुर्वेद तथा बैकल्पीक चिकीत्सा सेवाकार्यक्रमलाई प्रभाबकारी ढंङ्ग बाट विकास गर्न माडी नगरपालिकामा छुट्टै आयुर्वेद तथा बैकल्पीक चिकित्सा शाखाको ब्यवस्था गर्न आवस्यक पहल गरिनेछ ।

१४६) पूर्वकर्म संचालनको लागि ३ कोठे भवन निर्माण गरीनेछ ।

१४७) औषधि आपूर्ति सहज बनाउन र औषधिको अभाव हुन नदिन औषधि पिस्ने मेशिन खरिद गरी औषधालयमा नै औषधि उत्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

१४८) पन्चकर्म अन्तर्गत स्नेहन स्वेदन र शिरोधारा तथा कट्टीवस्ती कार्यक्रमलाई आवश्यक सामाग्री खरीद गरीनेछ ।

१४९) वडाहरुमा संचालन हुने स्नेहन स्वेदन कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

१५०) गाउँ घर क्लिनिक बाह्रै महिना संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

१५१) अति विपन्न, दलित, आदिवासी, जेष्ठ नागरीक, स्तनपायी आमाको लागि स्वास्थ्य प्रबर्धनात्मक कार्यक्रम संचालनको लागि आवश्यक औषधि खरीद गरी सेवालाई प्रभावकारी बनाइनेछ ।

१५२) विशेषज्ञ चिकित्सक सहितको आयूर्वेद स्वास्थ्य शिविर कम्तिमा एक पटक आयूर्वेदको पहुँच नभएको स्थानमा संचालन गरीने व्यवस्था मिलाइनेछ ।

१५३) स्वास्थ्यको कम पहुँच भएका बाँदरझुला लगायतका क्षेत्रहरुलाई लक्षित गरी एम्बुलेन्स सेवा संचालन गर्न पहल गरीनेछ ।

१५४) "योग गरौं स्वस्थ बनौ" भन्ने नाराका साथमा प्रत्येक वडामा योग शिविर संचालन गरिने छ साथै प्रत्येक वडामा योग साधना केन्द्रको स्थापनामा पहल गरिने छ ।

१५५) नगरवासीको छिटो छरितो स्वास्थ्य उपचारका एम्बुलेन्स खरिद गरी संचालनमा ल्याईने छ ।

१५६) हालसम्म माडी नगरवासीलाई निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा सो कार्यलाई निरन्तरता दिईने छ ।

१५७) महिला स्वास्थ्यको सम्वेदनशिलतालाई ध्यानमा राखी नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरी समय समयमा विशेषज्ञ स्तरिय स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छ ।

१५८) थारु जातिमा देखिने सिकलसेल एनिमिया रोगको पहिचान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरी त्यस किसिमका बिरामीका लागि औषधी उपचारको व्यवस्था गरिने छ ।

१५९) स्वास्थ्य वीमा योजना कार्यक्रमलाई थप ब्यवस्थित गरी पूर्ण रुपमा वीमा कार्यक्रम संचालन गरिनेछ ।

१६०) समयमा नै औषधी तथा खोपको आपूर्ति व्यवस्थाको सुनिश्चित गरिने छ ।

१६१) वगही वसपार्क तथा कसरामा हेल्थ डेस्कको स्थापना गरी कोभीड-१९ परिक्षण लगायत अन्य स्वास्थ्य सेवाको सेवा प्रवाहलाई निरन्तरता दिइने छ ।

१६२) स्थानीय तहको स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारण कक्षको व्यवस्थापन गरिने छ।

१६३) निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाइने छ।

१६४) स्वास्थ्य कार्याक्रम सञ्चालनमा नेपाल सरकारको अनुदान तथा नगरपालिकाबाट बिनियोजित बजेट सहज रुपमा उपलब्ध गराई कार्यक्रम सम्पन्न गर्न आवश्यक सहजीकरण गरिने छ।

१६५) माडी नगरपालिकामा बसोबास गर्ने आम नगरवासीको दीगो स्वास्थ्य व्यवस्थाको लागि विभिन्न सर्ने र नसर्ने रोगहरुको पहिचान गरी निदान गर्न प्राविधिकहरु कार्यक्षेत्रमा खटाइ अध्ययन, अनुसन्धान गर्न लगाइने छ।

**ज) खानेपानी तथा सरसफाई**

१६६) नगर सरसफाइ अभियानका लागि गैर सरकारी संस्थाहरु सँग समन्वय र सहकार्य एवं परिचालन गरिने छ।

१६७) यस नगरपालिकाको प्रत्येक वडामा खानेपानीको समस्या समाधान गर्न खानेपानीको आपुर्तिको लागि भुमिगत जल (डिप वोरिङ) को व्यवस्थामा जोड दिइने छ।

१६८) सवैलाई आधारभुत खानेपानी उपलव्ध गराउनका लागि संघ,संघीय सरकार ,सामुदायीक तथा गैर सरकारी संस्थाहरु ,उपभोक्ता समुहहरुको लागत सहभागितामा खानेपानी आयोजनाहरु सञ्चालन गरिने छ।

१६९) "फोहोरलाई मोहोर बनाऔं" भन्ने नारा सहित फोहोर वर्गिकरण गरी फोहोर व्यवस्थापनका साथै टोल सुधार समितिहरुलाई क्रियाशिल बनाई स्रोतमा नै व्यवस्थापन गर्न लगाईने छ।

१७०) बढ्दो शहरीकरणसंगै विस्तारीत जनघनत्वको अनुपातमा उत्पन्न हुने फोहोरको दिर्घकालीन व्यवस्थापनकानिम्ति उपयुक्त जग्गा खोजी रीसाइकल केन्द्रको स्थापना गर्ने र सो क्षेत्रलाई माडी नगरको व्यवस्थापन शोध केन्द्रका रुपमा विकास गर्ने रणनितिका साथ अगाडी बढाईने छ।

१७१) नगरको फोहोरमैलालाई ब्यबस्थापन गर्नको लागी फोहोरमैला संकलन केन्द्र तथा स्यानीटरी पार्क को संचालन गरिने छ।

**झ) संस्कृति प्रवर्द्धन :**

१७२) आदिवासी जनजाति, दलितहरुको संस्कृती संरक्षणमा जोड दिनुका साथै त्यस्ता संस्कृतीहरुलाई पर्यटनसंग आवद्ध गर्दै लगिने छ।

१७३) दुरा, गन्धर्व, चेपाङ जातजातिको संस्कृती संरक्षणमा जोड दिइनेछ।

१७४) आदिवासी जनजातीको विशेष पर्व माघी (खिचरा) लाई महोत्सवका प्रवद्धन गरिने छ।

**ञ) पुर्वाधार विकास**

१७५) यस नगरपालिकाले आगामी आ.व. देखि माडी नगरपालिका भित्र बाटो ग्राबेल गर्ने कार्यलाई निरुत्साहीत गर्दै सबै वडाका भित्री सडकहरुलाई कालोपत्रे गर्न प्राथमिकता दिइनेछ जस अन्तर्गत ३० किमी सडक कालो पत्रे गरिने सम्पन्न गरीने छ।

१७६) जंगली जनावर र मानव वीचको द्धन्दबाट माडीवासीले भोग्नु परेका पीडालाई कम गर्न रिउ करिडोरका लागी गरिएको लगत इस्टिमेट अनुसार निर्माण गर्न नेपाल सरकारसँग विशेष अनुरोध गरिनेछ ।

१७७) बस्ती विकास,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन २०७२ अनुसार घर नक्सा पास सम्वन्धी मापदण्डलाई लागु गरिनेछ । घर, टहरा, सेड वा यस्तै अन्य भौतिक संरचनाको निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । पुराना घरहरुको अभिलेखीकरणलाई निरन्तरता दिइने छ ।

१७८) यस नगरपालिका भित्रका रिउ खोला, मरोठ खोला, डांग्रे खोला, चितही खोला, मगुही खोला,रौतनि खोला ,बादरमुढे खोला,रिमाल खोला, पतरे खोला, परुही खोला, टुनामुना खोला, घाँघर खोला , टम्टा खोला, बगइ खोला लगायतका अन्य साना खोलाहरुको बाढी नियन्त्रणलाइ विशेष ध्यान दिदै वस्ती संरक्षणमा जोड दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१७९) सामाजिक विकृतिमा फसेका युवा शक्तिहरुलाई त्यस्ता गतिविधिबाट टाढा राख्न पुनर्स्थापना गर्ने विभिन्न कार्यक्रममा सहयोगलाई निरन्तरता दिईने छ ।

१८०) विद्युतीय सेवा विस्तारमा पहल गरिनेछ ।

१८१) माडी नगरपालिका नगर यातायात गुरुयोजना (MTMP) लाई प्राभावकारी कार्यान्वयन गरी यस नगरपालिका अन्तर्गतका बाटोलाई नक्शाङ्कन गरी व्यवस्थित गरिनेछ ।

१८२) उपभोक्ता समितिहरु मार्फत गरीने काममा पूर्ण गुणस्तरीयता कायम राखीनेछ । आगामी आ.व. देखि उपभोक्ता समिति मार्फत गरीने कामलाई बढीमा दस लाख रुपैया कायम गरीनेछ । सोभन्दा माथिका भौतिक निर्माण सम्बन्धि सबै कार्यहरु ठेक्का मार्फत कार्यान्वयन गरीनेछ ।

**ट) वन बातावरण तथा विपद् व्यवस्थापन तर्फ**

१८३) माडी उपत्यकामा बग्ने सवै खोलाहरु पुरिएर मानव वस्ती जोखिम परिरहेको अवस्थामा सरोकारवालाहरु सँग समन्वय गरी खोलाहरुबाट ग्रावेल निकालेर विकास निर्माणमा प्रयोग गरी मानव वस्ति सुरक्षित गरिने छ ।

१८४) खोलाहरुले कटान गरिरहेको समस्यालाई कम गर्न खोलाहरुमा तटवन्धनको कार्य निरन्तरता गरिने छ ।

१८५) स्थानीय विपद जोखिम व्यवस्थापन समितिलाई सक्रिय वनाइने छ र विपद् जोखिम व्यवस्थापन सम्बन्धी विभिन्न कार्य सञ्चालन गरिने छ ।

१८६)सवै प्रकारका विपद्मा पूर्व सूचनाको अभावको कारणले अत्याधिक क्षति हून जाने हुदाँ प्राकृतिक तथा गैह्रप्राकृतिक विपदको अनुकुलन तथा प्रतिकार्य सम्वन्धि क्षमता वृद्धि तथा सूचना प्रवाह गर्न विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

१८७)नगरस्तरीय जलवायु अनुकुलन तथा विपद जोखिम व्यवस्थापन योजनाको अद्यावधिक गरिनेछ ।

१८८) भवन निर्माण आचारसहिंता कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१८९)यस नगरपालिकामा भएको विपद् व्यवस्थापन कोषलाई अझ व्यवस्थित गरी विपद्मा परेका नागरिकलाई आर्थिक सहयोग गरीनेछ ।

१९०)सडक कालोपत्रे गर्दा नै सडकको दुई किनारामा बृक्षारोपण सहितको योजना बनाइनेछ ।

१९१) बढी फोहोर हुने बजारहरुमा निजीक्षेत्रको सहकार्यमा सफा सुन्दर बजारको निर्माणको अभियान सुरु गरिनेछ ।

१९२) माडी नगरपालिकालाई सफा र स्वच्छ राख्न हरेक घर बाट सड्ने र नसड्ने फोहोरहरुको वर्गिकरण गरी फोहर व्यवस्थापन गर्ने कार्य अगाडी वढाइने छ जसका लागी आफ्नो फोहोर आफै व्यवस्थापन गर्न लगाइने छ ।

१९३) हरेक नगरबासीलाइ आफ्नो घर आँगन सफा राख्न जिम्मेवारी वनाइनेछ र "हाम्रो आँगन, राम्रो आँगन" कार्यक्रम संचालन गरी हरेक घरको आगनमा फुलबारी निर्माण गर्ने अभियान संचालन गरी सुन्दर तथा वातावरण मैत्री घर राख्न सबैलाई उत्प्रेरित गरिनेछ । यसरी वातावरणमैत्री घर वा समुदायलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । साथै जथाभावि फोहर गर्ने लाई दण्ड जरिवानाको व्यवस्था लागु गरिने छ ।

१९४) प्लाष्टिकको प्रयोगलाई निरोत्साहित गरिनेछ साथै प्लाष्टिकजन्य फोहोरलाई सुइरो कार्यक्रम संचालन गरि आयआर्जनको स्रोत बनाइनेछ ।

१९५)वातावरणमैत्री टोल घोषणालाई बढावा दिइनेछ ।

१९६) विपद र महामारीको पूर्व तयारी प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनित्व हुने गरी द्रुतकाय दल(RRT) गठन,अद्यावधिक गरि क्रियाशिल गराइने छ ।

१९७)विपद्को अवस्थामा तत्काल उद्धार लागि आवश्यक खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन लागि बजेटको व्यवस्था गरिने छ साथै सामाग्रीको व्यवस्थीत भण्डारको व्यवस्था गरिने छ ।

१९८)विपद व्यवस्थापनलाई प्रभावकारी र द्रुत बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालू आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिने छ ।

१९९)नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाईने छ, विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइने छ ।

२००) विपद व्यवस्थापनका लागि वडागत रुपमा अस्थायी Shelter को व्यवस्था गरिने छ ।

२०१) वाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावीतलाई तत्काल राहत, औषधोपचार ,खानपान लत्ताकपडा उपलब्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको वृद्धीको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरु संग समन्वय गरिने छ ।

२०२)विपद्को अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको पहिचान र व्यवस्थाको लागि वजेटको व्यवस्था गरिने छ ।

२०३) नगर स्तरिय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिने छ ।

**ठ) सुशासन तथा संस्थागत विकास :**

२०४) कर्मचारीहरुको मनोवल उच्च राख्न तथा उहाँहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिने नीतिलाई निरन्तरता दिईने छ ।

२०५) जननिर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिमहरु तथा अभिमुखीकरण कार्यक्रमहरु लाई निरन्तारता दिईने छ ।

२०६) निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई विकास निर्माणका कार्य लगाएत अन्य प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणको ब्यवस्था गरिने छ ।

२०७) स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई विशेष व्यवस्था गरी ऐन अनुसार बृति विकासका अवसरहरु उपलब्ध गराईने छ ।

२०८) साना टुक्रे तालिम र गोष्ठिको सट्टा ठोस कार्यको लागि ठोस उद्देश्य प्राप्ति हुने तालिमहरु सञ्चालन गरिने छ । कर्मचारी, जनप्रतिनिधि र लक्षित समुहहरुलाई सीप विकास तालिम, व्यवस्थापकिय र नेतृत्व विकास तालिम उपलब्ध गराईने नीति लिईएको छ ।

२०९) तालिमको गुणस्तरीयताको विश्वस्तताका लागि तेश्रो पक्षबाट गुणस्तरीयता परीक्षणको ब्यवस्था मिलाईने छ ।

**ड) प्रशासन सुधार तर्फ** :

२१०)संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको दरवन्दि संरचनाको आधारमा यस माडी नगरपालिका मा शाखाहरुको संरचना खडा गरिने छ ।

२११) कर्मचारी प्रशासनलाई चुस्त दुरुस्त बनाउनका साथसाथै समयसापेक्ष बनाउन ICT मैत्री बनाउदै लगिने छ ।

२१२) राज्यको नीतिलाई अनुशरण गर्दै प्रशासनिक कार्यमा Automation तथा e-governance लाई प्रवद्धन गर्दै लगिने छ ।

२१३) स्थानीय सरकारको समग्र प्रशासन सुधार तथा समय सापेक्ष निकासका लागि नेपाल सरकारले जारी गरेका सवै प्रशासन सुधार आयोगका सुझावहरुलाई स्थानीय स्तरमा आन्तरीकरण गरी कार्यान्वयन गरिने छ ।

२१४) Organizational chart अनुसार कर्मचारीको व्यवस्थापन गरी समग्र प्रशासन सेवा छिटो छरितो गर्दै जाने रणनीति सुनिश्चित गरिने छ ।

२१५) सेवा करारमा कार्यरत कर्मचारिको सेवा सुविधामा एकरुपता गरी सेवा प्रवाहलाई सरल र गुणस्तरीय बनाइने छ ।

**ढ) संस्थागत क्षमता विकास तर्फ :**

२१६) "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने कानूनी सिद्धान्तलाई अंगिकार गर्दै नगरपालिका को न्यायिक समितिबाट छिटो छरितो र सर्वशुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईने छ ।

२१७) "कानूनको अज्ञानता क्षम्य हुदैन" भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै नगरपालिकाका ग्रामिण क्षेत्रका सर्वसाधारणमा कानून सम्बन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिने छ ।

२१८) नगर क्षेत्रका सवै वडाहरुमा विवाद निरुपण गर्न संचालित मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धी सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

२१९) प्रशासनिक खर्चलाई नगरपालिका संचालन अनुदान निर्देशिका २०६७ बमोजिमको सीमा भित्र राख्न आन्तरिक राजस्व बृद्धि एवम प्रशासनिक खर्च मितव्ययी बनाउन प्रयास गरिने छ ।

२२०) स्थानीय शान्ति सुरक्षा कायम गर्न एवं सामाजिक विकृति विसंगति विरुद्धका गतिविधिहरु रोक्न सामुदायिक मेलमिलाप सेवा समिति शान्ति समिति ,इलाका प्रहरी कार्यालय माडी,सशस्त प्रहरी बल छरछरे र बादरभुला सगँको सहकार्यमा कार्यक्रम सञ्चालन एवं सहयोगको लागि निरन्तरता दिइने छ ।

२२१) नगरपालिकाको नागरिक वडापत्रलाई डिजिटल रुपमा तयार गरिने छ ।

२२२) नगरपालिकाको आम्दानी खर्च अर्धवार्षिक रुपमा सार्वजनिकीकरण गरिने छ ।

२२३) नगरपालिकामा संचालित विकास निर्माण लगायत सवै कार्यक्रमहरुको नियमित अनुगमन प्रगति समिक्षा समन्वय वैठक ,सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण आदि मार्फत सुशासनमा जोड दिइने छ ।

२२४) यस नगरपालिकाको क्षमता विकासको लागि जनप्रतिनिधिहरु एवं कर्मचारीहरुलाई आवस्यक तालिमको व्यवस्था गरिनेछ ।

२२५) यस नगरपालिका भित्र सम्पुर्ण उद्योग व्यवसायलाई दर्ता नवीकरणलाई अनिवार्य गरी सेवा प्रवाहसँग आवद्ध गरिने छ ।

२२६) नगरपालिकाको नगर कार्यपालिका कार्यलय र वडा कार्यालयबाट हुने सम्पुर्ण कामकाजको पारदर्शिता र जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई लाई निरन्तरता दिइने छ ।

२२७) उपभोक्ता समिति अमानत ,एवं निर्माण व्यवसायबाट हुने गुणस्तरियता परीक्षणका लागि निर्माण कार्यको सामाजिक परिक्षणलाई अनिवार्य गरिनेछ ।

२२८) यस नगरपालिकामा रहेको सुझाव पेटीकालाई व्यवस्थित गरिनेछ । सुझावलाई मार्गदर्शक नीतिका रुपमा ग्रहण गरिनेछ ।

**ण) सुचना प्रविधी तथा सञ्चार सम्वन्धी नीतिहरुः**

२२९) सवै वडामा कम्प्युटर प्रणाली मार्फत विलिङको व्यवस्था, योजना,जिन्सी व्यवस्थापनलाई कम्प्युटर प्रणाली मार्फत संचालन गरिने छ ।

२३०) मोवाईल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलीफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरिनेछ ।

२३१) दूरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने छ ।

२३२) नगरपालिकावाट संचालित विविध विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ ।

२३३) सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

२३४) स्थानीय पत्रिका, एफ एम रेडियो, केवल र टेलिभिजनहरु मर्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ ।

२३५) आ.व. ०७७१०७८ देखी हरेक वडाबाट व्यक्तिगत घटना दर्तालाई पूर्ण अनलाइन प्रणालीद्धारा संचालन गरिनेछ।

२३६) राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागले स्थापना गरेको प्रणालीमा पुराना घटना दर्ता अभिलेख रजिष्टरलाई डिजिटाइजेसन गर्ने साथै अनलाइन प्रणाली मार्फत इन्ट्री गरी प्रतिलिपी जारी गरिनेछ ।

२३७) वडा वडामा दर्ता शिविर संचालन गरी घटना दर्ता गर्न छुट भएका तथा सामाजिक सुरक्षा भत्ता पाउने लाभन्वित व्यक्तिहरुको परिचान गरी अनलाइन घटना दर्ता गरी प्रमाणपत्र जारी गरिनेछ ।

२३८) सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरणलाई अनलाइनमा इन्ट्री गरी (Forward Feed and Reverse Feed )विधि अपनाई बैङ्क मार्फत वितरण गरिनेछ ।

२३९) घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी गुनासोलाई अनलाइन प्रणाली मार्फत सुनुवाई भई वडा हुदै नगरपालिका देखी राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागसँग समन्वय गरी गुनासो फछ्यौट गरिनेछ ।

**त) राजस्व तथा वित्तीय व्यवस्था**

नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

अब म करदाता, आम नागरिक र लगानी कर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई आत्मसाथ गर्दै आ.व. २०७७/०७८ को राजश्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२४०) स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गर्दै बित्तिय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा वढाउन राजश्व सम्बन्धि अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति लिईने छ ।

२४१) उत्पादन मुलक तथा व्यवसायिक क्रियाकलापमा सहयोग पुग्ने गरी स्थानीय तहबाट प्रदान गरिने ईजाजत तथा दर्ता प्रणालीलाई सरलीकृत गरिने छ ।

२४२) घर वहाल कर संकलन गर्न घर वहाल कर उठाउने कार्यलाई व्यवसायिक कर उठाउने प्रणाली संग आवद्ध गरिने छ ।

२४३) सम्पति कर र मालपोत तथा भूमिकरलाई समय सापेक्ष बनाउन र मालपोतको घरजग्गा रजिष्ट्रेशन शुल्कका लागि कायम गरेको जग्गाको तथा घरको मुल्याङ्कंन दरलाई सम्पत्ती कर र मालपोत तथा भूमिकरसँग मिलान गरी निर्धारण गरिने नीति लिइने छ । सोहीका आधारमा करका दररेट समेत प्रस्ताव गरेको छु ।

२४४) वडा स्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि तथा सवै वडालाई सूचना प्रविधिबाट Linkage गरिने नीति लिईने छ ।

२४५) आ.व. २०७७/०७८ आन्तरिक आय मा २५ करोड १८ लाख ७० हजार उठाउने लक्ष्य लिईएको छ ।

२४६) प्राकृतिक श्रोत, बिक्री दर निर्धारण गरी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट वालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ ।

२४७) यस नगरपालिकामा विगत लामो समय देखि वेरुजु फछ्र्यौट हुन नसकेकोले आगामी आर्थिक बर्षमा वेरुजुलाई शुन्यमा झारिने छ ।

२४८) करदाता र कर प्रशासन दुबै पक्षको ईमान्दारिता, पारदर्शिता,स्वच्छता र सदाचारिता कायम गर्न सबै उपाय अबलम्बन गरिनेछ । कर कानुनको पालना गर्न करदाता साक्षरता कार्यक्रम अभियानको रुपमा संचालन गरिने छ ।

२४९) करदाता दर्ता प्रणालीमा सुधार गर्नका लागि सवै व्यवसाय तथा आर्थिक कारोबार गर्नेहरुको बिवरण Online प्रणालीमा आवद्ध गरिने छ । नयाँ दर्ता प्रणालीमा सबैको बिवरण अद्यावधिक गरिने छ ।

२५०) प्रत्येक वडामा कर, शुल्क, महसुल र दस्तुर उठाउन मिल्ने गरि कम्प्युटर प्रणालीको स्थापना गरिने छ ।

२५१) नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक वनवाट उठेको रकमको १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्न अनिवार्य गराईने छ । सवै सामुदायिक वनलाई कार्य योजना सहित नगरपालिकामा बिवरण पेश गर्न अनिवार्य गरिने छ ।

२५२) राजश्व संकलन लाई प्रभावकारी बनाईने छ, बजार अनुगमन कार्यलाई निरन्तरता दिईने छ ।

२५३) स्थानीय तहवाट प्रदान गरिने इजाजत तथा दर्ता प्रकृयालाई सरलिकृत गरिनेछ ।

२५४) करको दायरामा नआएका उधोगी व्यवसायहरुले २०७७ पौष मसान्त भित्र दर्ता हुन आएमा आ.ब. २०७६।०७७ भन्दा अघिको वक्यौता रकमको जरिवाना मिनाहा हुने व्यवस्था कायम गरिने छ ।

२५५) घरदैलोवाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिने छ । कार्यदललाई उत्प्रेरणात्मक व्यवस्था कायम गर्न प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ ।

२५६) राजश्व प्रशासनले उठाएको कर सम्बन्धमा चित्त नवुझाउने करदाताहरुले पुनरालोवकनका लागि नगर उप-प्रमुख समक्ष सोझै निवेदन दिन सक्ने व्यवस्था मिलाईएको छ ।

२५७) बिद्युतीय माध्यमबाट बिजक जारी गरी राजश्व संकलन कार्यलाई थप सरलिकृत गरिने छ ।

२५८) राजश्व परामर्श समितिलाई कियाशिल बनाउनका लागि अवलोकन भ्रमण, तालिम लगायत क्षमता बिकास कार्यक्रम संचालन गरिने छ ।

२५९) सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी माडी नगरपालिकाको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने तर्फ बिशेष पहल गरिने छ ।

२६०) सार्वजनिक निजी साझेदारीको माध्यम बाट संचालन गर्न सकिने अन्य आवश्यक परियोजनाहरुको समेत खोज र अध्ययन गरी आवश्यक कार्य अगाडी बढाईने छ ।

२६१) नागरिकहरुलाई कर तिर्ने बानी बसाल्नको लागि कर सम्वन्धी चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

सभाका सदस्य ज्यूहरु,

अन्त्यमा

संघीयताको वास्तविक कार्यान्वयन हुने स्थानीय तह अन्तर्गत यस माडी नगरपालिकाको समृद्धी र बिकासका लागि संघ ,प्रदेश सरकार ,सम्पुर्ण राजनीतिक दलहरु संघ संस्थाहरु विदेशी दाताहरुबाट सहयोग र समन्वयको अपेक्षा गरेको छु ।

माडी नगरको विकासमा हातेमालो गर्ने क्रियाशिल सबै राजनीतिक पार्टीहरु, विभिन्न सरकारी कार्यालयहरु, उद्योग वाणिज्य संघ, नागरिक समाज, बौद्धिक जगत लगायत सम्बद्ध व्यक्तिहरु एवं नेपाल ग्रामीण पूनर्निमाण संस्था, सामरी उत्थान, वाइन टु वाटर, चितवन महिला सक्रीय प्रतिष्ठान,पौरखी नेपाल, आफन्त नेपाल, मेड नेपाल लगायतका गैरसरकारी संघ संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस आर्थिक बर्षमा झैं आगामी आर्थिक बर्षका लागि तय भएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सवालमा यहाँहरु सबैको समन्वय, सहयोग, सहकार्य र समझदारी हाम्रो लागि सदा अपेक्षित छ । माडी नगरलाई सुन्दर, समृद्ध र उन्नत नगरको रुपमा विकास गर्न समद्ध सबैले निरन्तर सहयोग गर्नुहुनेछ भन्ने नगरपालिकाले विश्वास लिएको छ । अन्त्यमा माडी नगरपालिकाको आ.व.०७७।०७८ को नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, संघसंस्थाहरुलाई हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रम तर्जुमाको क्रममा खटिने सम्पुर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुलाइ धन्यवाद दिन चाहन्छु ।

……………………..धन्यवाद …………………